आज मिति २०७९।०५।२७ गते दिउँसो ४:३० बजे यस शिवराज नगरपालिकाको नगर कार्यपालिकाको कार्यालयमा प्रमुख प्रशासकीय अधिकृत श्री राकेश पाण्डेको अध्यक्षता र देहायको उपस्थितिमा शाखा प्रमुखहरुको बैठक बसी सर्वसम्मत निर्णय गरियो ।

उपस्थितिः

श्री राकेश पाण्डे, प्र.प्र.अ.

श्री पूर्ण बहादुर विश्वकर्मा, अधिकृत आठौ

श्री ताराचन्द्र चौधरी, कृषि विकास अधिकृत

श्री धनेश्वर खनाल, पशु सेवा अधिकृत

श्री लक्ष्मी कंडेल, अधिकृत छैठौ

श्री डिल्लीराज भट्टराई, अधिकृत छैठौ

श्री चुडामणि भट्टराई, जनस्वास्थ्य अधिकृत

श्री रामजी थापा नेपाली, इन्जिनियर

श्री विष्णु प्रसाद अधिकारी, सहायक चौथौ

श्री प्रकाश वि क, कम्प्युटर अपरेटर

श्री राम बहादुर खड्का, स.क.अ.

निर्णय :

१. शिवराज नगरपालिकाको नगर कार्यपालिकाको कार्यालयमा कार्यरत सबै शाखा प्रमुखद्वारा प्रमुख प्रशासकीय अधिकृत समक्ष हालसम्म प्राप्त उपलब्धी र कार्ययोजनाहरुको बारेमा रिपोटिंग गरियो र दुई दिन भित्र सबै शाखा प्रमुखद्वारा प्रशासन र IT शाखामा आ. व. २०७९।०८० का लागि खरिद योजना तयार गरि पेश गर्ने निर्णय गरियो ।

२. आ.व.२०७९।०८० मा करार सेवा करार सेवाका लागि शिवराज नगरपालिकाबाट हालसम्म प्रकाशित भएका विज्ञापनका सन्दर्भमा यथाशिघ्र पदपूर्ति प्रकिया अगाडि बढाउने र बाँकी रिक्त दरबन्दीहरुको सन्दर्भमा प्राविधिक पदहरुका लागि करार सेवामा कर्मचारी नियुक्तिको लागि विज्ञापन गर्ने प्रकिया अगाडि बढाउने निर्णय गरियो ।

३. आ.व २०७९।०८० मा शिवराज नगरपालिका नगर कार्यपालिकाका विषयगत शाखाहरुले अर्ध बार्षिक रुपमा शाखाका उपलब्धि र चुनौतीका बारेमा कार्यालय प्रमुख समक्ष प्रतिवेदन गर्ने निर्णय गरियो ।

४. नेपाल सरकारले स्वीकृत गरेको संरचनात्मक ढाँचा अनुरुप सेवा प्रवाह गर्ने तथा शाखा प्रमुखहरु आफ्नो शाखाका काम कारवाहीमा पूर्ण रुपमा जिम्मेवार बन्ने र आफू मातहतका कर्मचारीहरुको परिचालनका लागि शाखा प्रमुखहरुलाई उत्तरदायी बनाउने निर्णय गरियो ।

५. नगर कार्यपालिकाको कार्यालयको तल्लो तलामा एसी सहितको पार्टिसन प्रकिया अगाडि बढाउने निर्णय गरियो ।

६. प्रत्येक हप्ताको आइतबार बिहान १० बजे शाखा प्रमुखहरुको नियमित बैठक सञ्चालन गर्ने निर्णय गरियो ।